# नेपाल कम्युनिस्ट पार्टी
(एकीकृत मार्क्सवादी–लेनिनवादी)
## केन्द्रीय कार्यालय
धुम्बाराही, काठमाडौं


पत्र संख्या .......

२८ पुस २०७४

# प्रेस वक्तव्य

नेकपा (एमाले) केन्द्रीय सचिवालयको ४९ औं बैठक आज महासचिव कमरेड ईश्वर पोखरेलको अध्यक्षतामा एवं कार्यबाहक अध्यक्ष कमरेड वामदेव गौतमको प्रमुख आतिथ्यमा पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा आज बस्यो । बैठकले राष्ट्रिय सभा निर्वाचनका लागि उम्मेदवारको मापदण्ड र सिफारिसको विधि देहायअनुसार तय गरेको छ :

**(क) मापदण्ड**

१. संविधानको धारा ८७ बमोजिमको योग्यता पुगेका ।

२. पार्टीमा लामो योगदान गरेका ।

३. पार्टीसँग वैचारिक आबद्धता राख्दै समाजसेवा, संस्कृति, कला, साहित्य, विज्ञान, प्रविधि लगायत सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ।

४. भौगोलिक र सामाजिक सन्तुलन

५. स्थानीय, प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार नबनेका तथा समानुपातिक सूचीमा नाम समावेश नभएका ।

६. विभिन्न विषयका विज्ञ तथा विशेषज्ञहरु ।

**(ख) सिफारिसका प्रक्रिया**

प्रदेश संगठन कमिटीको सचिवालय बैठकबाट उपरोक्त मापदण्ड अनुसारको नाम सिफारिस गरी माघ ५ गतेभित्र पार्टी केन्द्रीय कार्यालयमा पठाइसक्नुपर्नेछ ।

(ग) राष्ट्रिय सभा निर्वाचनमा मतदान गर्ने निर्वाचक मण्डलका सदस्यहरुलाई एकल संक्रमणीय मत प्रणालीका सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था सम्बन्धित प्रदेश संगठन कमिटीले गर्नुपर्नेछ ।

त्यसैगरी बैठकले केही दिनयता तराई-मधेसमा चलेको शीतलहरबाट ज्यान गुमाउने व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै तत्काल न्यानो कपडा, दाउरा तथा आवश्यक राहत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गर्ने निर्णय गरेको छ । त्यसरी नै विगत केही दिनयता फैलिएको भाइरल ज्वरोबाट जाजरकोटमा कैयौं व्यक्तिको ज्यान गएको र धेरै गम्भीर विरामी परेको स्थितिप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकहरुप्रति श्रद्धाञ्जलि अर्पण गरेको छ । प्रभावित क्षेत्रमा तत्काल स्वास्थ्य टोली पठाउन तथा पर्याप्त औषधिको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गर्ने निर्णय गरेको छ । शीतलहर तथा भाइरल ज्वरोबाट प्रभावित क्षेत्रमा पार्टीको तर्फबाट राहत उपलब्ध गराउन सम्बन्धित तहका पार्टी कमिटीहरुलाई तत्काल परिचालित हुन पनि निर्देशित गरिएको छ ।

**प्रदीप ज्ञवाली**
**सचिव**
**केन्द्रीय सचिवालय**